दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

वर्ष ३६ | अंक ३१८ | बुटवल | २०८१ मंसिर १०, गते सोमबार | नेपाल संवत ११४५ | Monday Nov.25, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## रविमाथि अनुसन्धान गर्न १५ दिन म्याद थप



बुटवल । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेमाथि अनुसन्धान गर्न कास्की जिल्ला अदालतले १५ दिन म्याद थप गरेको छ।

न्यायाधीश भीमलाल बेलबासेको इजलासले रविलाई अझैं १५ दिन हिरासतमै राखेर अनुसन्धान गर्न अनुमति दिएको हो।

पछिल्लोपटक गत कात्तिक २५ गते थपिएको १३ दिनको म्याद सकिएपछि आइतबार प्रहरीले जिल्ला अदालतमा उपस्थित गराएको थियो। सहकारी ठगी प्रकरणमा अनुसन्धानका लागि उनी २ कात्तिकमा काठमाडौंबाट पक्राउ परेका थिए।उनीमाथि सहकारी ठगीसँगै संगठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दामा पनि अनुसन्धान भइरहेको छ।

पोखराको सूर्यदर्शन सहकारीको रकम काठमाडौंस्थित गोर्खा मिडिया प्रालिमा प्रयोग गरेर अपचलन गरेको आरोप लामिछाने माथि छ।

पोखराको सूर्यदर्शन सहकारीबाट करिब ५ करोड रुपैयाँ गोर्खा मिडियामा गएको भन्दै मिडियाका अध्यक्ष जीबी राई, तत्कालीन प्रबन्धक रवि लामिछाने, सञ्चालक छविलाल जोशी, कुमार रम्तेललगायत विरुद्ध उजुरी परेको छ। संसदीय छानबिन विशेष समितिले पनि उनीहरुलाई दोषी देखाउँदै थप अनुसन्धानका लागि सिफारिस गरेको थियो। समितिको सिफारिस लगत्तै रवि र छविलाई नियन्त्रणमा लिएर प्रहरीले अनुसन्धान गरिरहेको छ भने जीबी फरार छन्।

चितवनको सहारा सहकारीको रकम पनि गोर्खा मिडियामा प्रयोग गरेर अपचलन गरेको आरोप रवि लामिछानेलाई छ। जिल्ला अदालत चितवनले मंसिर ७ गते रविसहित १० जनाविरुद्ध पक्राउ पुर्जी जारी गरेको थियो।प्रहरीका अनुसार पोखराको सूर्यदर्शन, बुटवलको सुप्रिम सहकारी र चितवनको सहारा सहकारीबाट रवि लामिछानेकै नाममा कुनै पनि कर्जा गएको देखिएको छैन। तर यी सहकारीको रकम गोर्खा मिडिया प्रालिमा गएको देखिएको र त्यसपछिको कारोबार तथा खर्चमा रवि पनि जोडिएकाले उनी अनुसन्धानको दायरामा परेका हुन्।

रास्वपाले भने लामिछानेको पक्राउलाई राजनीतिक प्रतिशोध प्रेरित भएको दाबी गर्दै आएको छ।

## दुर्गा प्रसाई थप पाँच दिन हिरासतमा

बुटवल । साइबर अपराधको कसूरमा पक्राउ परेका मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई पाँच दिन हिरासतमा राख्न अदालतले अनुमति दिएको छ।

जिल्ला अदालत काठमाडौंले आइतबार उनलाई थप पाँच दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिएको साइबर ब्यूरोका डीआईजी नविन्द अर्यालले बताए। प्रसाईले प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी ओलीले कम्बोडियामा एजियाटा नामको टेलिकम कम्पनीमा ३२ अर्ब रुपैयां लगानी गरेको दावीसहित प्रमाण भन्दै फर्जी डकुमेन्ट देखाएर प्रचार प्रसार गरेका थिए।

# अनाथहरू पाल्न र पढाउन मैनादेवीको महायज्ञ

**तीन दशकसम्म आश्रममा आफैं खटेर काम गर्दै आएकी मैनादेवी अहिले वृद्ध अवस्थाले नसक्ने भएकाले कर्मचारी राखेर उनीहरुलाई दिने तलबको जोहो गर्न अक्षयकोषमा एक करोड रकम पुऱ्याउन केही वर्षयता हरेक वर्ष महायज्ञ गर्दै आएकी छन्।**





**टिआर शर्मा**

*तिलोत्तमा*

तीन दशकदेखि अनाथ-असहाय बालबालिकाको पालनपोषण र शिक्षा दिक्षामा समर्पित छन् तिलोत्तमा-६ की मैनादेवी भण्डारी। बुबाको समाजसेवाबाट प्रभावित मैनादेवीले २०५३ सालमा रुपन्देहीको साविक आनन्दवनमा बाबुआमा गुमाएका सहाराविहीन अनाथ बालबालिका पालनपोषण र शिक्षादिक्षा दिने उद्देश्यले अनाथ आश्रम स्थापना गरिन्।

आश्रम स्थापना गरे पनि आफ्नै भवन र सञ्चालन खर्च थिएन। त्यसका लागि मैनादेवीले शुरुका डेढ दशक गाउँ-गाउँ डुलेर मुट्ठीदान संकलनबाट आर्थिक स्रोतको जोहो गरिन्। आश्रित बालबालिकालाई खाना, लत्ताकपडा, शिक्षादीक्षा, औषधि उपचारमा मैनादेवीले आफ्नो व्यक्तिगत २५ लाख रुपैयाँ खर्च गरिसकेकी छन्।

आश्रम चलाउन भाडाको घरमा बस्नुपर्दा र पटक पटक आश्रम सार्नुपर्दाको दुःख र सास्ती भोगेपछि मैनादेवीका श्रीमान् रामचन्द्रले १५ धुर जग्गा आश्रमको नाममा पास गरिदिए। त्यही जग्गामा मैनादेवीले दातासँग रकम मागेर १० कोठाको २ तले पक्की भवन बनाएकी छन्।

शुरुमा ३ जना अनाथबाट सुरु भएको आश्रमको आफ्नै भवन बनेपछि २५ जनासम्म राख्न मिल्ने क्षमताको भएको छ।

आश्रममा अनाथ बालक र बालिका राख्दै आएकी मैनादेवीले व्यवस्थापन गर्न गाह्रो भएपछि ६१ सालदेखि बालक मात्र राख्न शुरु गरिन्। 'केटा र केटी एकै ठाउँमा राख्दा व्यवस्थापन गर्न अलि गाह्रो भयो, कर्मचारी पनि नभएको हुँदा कुनै अप्रिय घटना हुन पनि सक्ने डरले केटा मात्र राख्न थाल्यौं।'-विगत सम्झिँदै मैनादेवीले भनिन्।

कर्मचारी राखेर तलब खुवाउने स्रोत नहुँदा ६४ वर्षीय मैनादेवी र उनको परिवारका अधिकांश सदस्य रामचन्द्र-मैनादेवी अनाथ आश्रममा बिहानदेखि रातिसम्म खटेर बालकको रेखदेख, स्याहार सुसार रस्कूल पठाउन दिनहुं खटेर काम गरिरहेका छन्। अहिले आश्रममा १२ जना बालक छन्। उनीहरुले तिलोत्तमाकै शान्ति नमूना माविमा पढिरहेका छन्।

अहिले मैनादेवी र उनका श्रीमानको उमेर ढल्किँदै गयो। पहिले जस्तो दिनभर आश्रममा खट्न र काम गर्न वृद्ध अवस्थाले नदिने भयो। आफूहरुले काम गर्न नसक्ने अवस्था आउँदै गरेपछि आश्रम दीगोरुपमा चलाउन र कर्मचारी राखेर तलब दिने स्रोत खर्च जुटाउन मैनादेवीले अक्षयकोष स्थापना गरेर सहयोग संकलन सुरु गरिन्। सहयोग जुटाउन उनले पाँच वटा महायज्ञबाट पनि लगाइन्। जसबाट ६३ लाख रुपैयाँ संकलन भइसकेको छ। तर त्यसको ब्याजबाट आउने रकमले १२ जना बालकलाई खाना, खाजा, कपडा, स्टेशनरीलगायत सामान किन्न र आश्रममा कर्मचारीहरु राखेर तलब दिन रकम अपुग भएकाले अक्षयकोषको रकम एक करोड पुऱ्याउने लक्ष्यसहित छैठौं महायज्ञ तिलोत्तमा ६ स्थित आश्रम परिसरमा सञ्चालन गरेको मैनादेवीले बताइन्।

'हामी दुबै जना बृद्ध भयौं, पहिले जस्तो खटेर काम गर्न सक्दैनौं, विरामी भइएला, काम गर्नै नसक्ने अवस्था पनि आउला, त्यति बेला आश्रमको व्यवस्थापन गर्ने, बालकलाई खाना पकाउने, खुवाउने, लुगा धुने काम गर्ने कर्मचारी नभई भएन,'मैनादेवीले भनिन्-'अहिलेसम्म अक्षयकोषमा ६३ लाख पुगेको छ अझैं ३७ लाख जुट्यो भने एक करोड पुग्छ, बल्ल त्यसको ब्याजबाट दुई-तीनजना कर्मचारी राखेर तलब दिन पुग्छ, त्यसका लागि महायज्ञको सहारा लिएका छौं।'

आश्रममा २५ जना अनाथ बालक राख्न सकिने भौतिक पुर्वाधार भए पनि कर्मचारी राख्न नसक्दा अहिले १२ जना मात्र राखिएको मैनादेवीले बताइन्।

» बाँकी ३ पेजमा

### तिलोत्तमाकै महायज्ञ हो'



तिलोत्तमाका मेयर रामकृष्ण खाँणले आश्रम स्थापना गरी अनाथ असहाय बालबालिकालाई पालन पोषण र शिक्षा दिक्षा दिनु सबैभन्दा ठूलो मानवीय धर्म भएको भन्दै नगरपालिकाले आश्रमलाई सहयोग गर्ने प्रतिबद्धता जनाएका छन्। यो महायज्ञ सिंगो तिलोत्तमा नगरपालिकाको महायज्ञ भएको भन्दै १७ वटै वडाका वडाध्यक्ष र नगरवासीले सहयोग गर्नुपर्ने आग्रह गरे।

अनाथ बालबालिकाको सेवामा मैनादेबीको समर्पण र दुःखको जति प्रसंशा गरे पनि कम हुने भन्दै मेयर खाँणले सबैले साथ दिनुपर्ने आग्रह गरे।

## मृत्युपछि अंग दान गर्नेका परिवारलाई दुई लाख




काठमाडौं। स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले मृत्युपश्चात् मानव अंग दान गर्न चाहने दाताका परिवारलाई २ लाख सहयोग गर्ने निर्णय गरेका छन्। यसअघि मानवअंग दान गर्न चाहने त्यस्ता परिवारलाई १ लाख रुपैयाँ दिने गरिएको थियो।

भक्तपुरस्थित मानव अंग प्रत्यारोपण केन्द्रमार्फत एक लाख रुपैयाँ दिने गरिएकोमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले दाताका परिवारलाई १ लाख थप गर्ने निर्णय मन्त्री पौडेलले गरेका हुन्।

मन्त्री पौडेलको निर्णय कार्यान्वयनमा अर्थ मन्त्रालयले आन्तरिक स्रोतबाट व्यवस्थापन गर्ने गरी सहमति दिएको छ। मन्त्रालयको आन्तरिक स्रोतबाटै आवश्यक रकम व्यवस्थापन गर्नेगरी निर्णय गरिएको मन्त्री पौडेलले बताए।

अंग दानमा सघाउने अस्पताललाई यसअघि दिने गरिएको ५० हजार रुपैयाँमा मन्त्रालयले २५ हजार रुपैयाँ थप गरेर ७५ हजार रुपैयाँ पुऱ्याएको छ।

'आफ्नो मृत्युपछि अरुको जीवन बचाउन चाहनेलाई प्रोत्साहन गर्न खोजेका हौं', मन्त्री पौडेलले भने-'एउटाको जीवनपछि अरुको जीवन बचाउने कार्यमा यो निर्णयले व्यापकता पाउने आशा गरेका छौं।'

मन्त्री पौडेललेसमेत यसअघि नै अंगदान गर्ने घोषणा गरिसकेका छन्। देशभर हरेक वर्ष मृगौला प्राप्तिका लागि एक हजार र कलेजो प्राप्तिका लागि ५५ जनाले मानव अंग प्रत्यारोपण केन्द्रमा नाम लेखाउने गरेका छन्।

विद्यमान कानुनी व्यवस्थाअनुसार जीवित रगतको नाता पर्ने बाहेकले अंगदान गर्न पाउँदैनन्। तर, मृत्युपश्चात् दान दिने गरी अंगदान गर्न पाउने व्यवस्था छ। मृत्यु भएको २४ घण्टाभित्र दिन सकिने अंग अरु जीवितलाई प्रत्यारोपण गर्न सकिन्छ।

हाल भक्तपुरको शहीद धर्मभक्त मानव अंग प्रत्यारोपण केन्द्रले देशमा वर्षेनी दुई सय मृगौला तथा २० जनाको कलेजो प्रत्यारोपण गर्दै आएको छ। यो कुल अंग प्रत्यारोपणको झण्डै ७० प्रतिशत हो। वीर अस्पताल, त्रिवि शिक्षण अस्पतालसँगै केही निजी अस्पतालले समेत अंग प्रत्यारोपण गर्दै आइरहेका छन्।

हाल सचेतना अभावमा दान गर्न चाहनेको संख्या न्यून छ। मृत्युपश्चात् हुने दान बढाउन सकिए धेरैको ज्यान जोगाउन सकिने शहीद धर्मभक्त मानव अंग प्रत्यारोपण केन्द्रका प्रमुख डाक्टर पुकारचन्द्र श्रेष्ठ बताउँछन्।

यस प्रोत्साहनमूलक निर्णयले दाता बढेर धेरैको ज्यान जोगाउन सकिने उनको अपेक्षा छ। हाल एक हजार बढी मृगौला तथा ५५ जना कलेजोका दाता प्राप्तिको प्रतिक्षामा छन्। र, उनीहरूले मृत्युपश्चात् हुने दानमा अधिक निर्भर गर्न परिरहेको छ।

हाल नेपालमा मृगौला र कलेजो मात्र प्रत्यारोपण गर्ने गरिए पनि अब फोक्सो र मुटुका लागि समेत प्रत्यारोपण गर्नेगरी क्षमता विकास गर्ने तयारी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही

विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

दैनिक लुम्बिनी

## सम्पादकीय

# सामाजिक सञ्जालको नियमन

धेरै पहिलेदेखि सामाजिक सञ्जाल असामाजिक भयो भन्दै नियमन गर्न कानुन ल्याउन दवाव थियो तर सरकारले बल्ल काननु ल्याउँदैछ। सामाजिक सञ्जाल अरुको चरित्रहत्या गर्ने र दुष्प्रचार गर्ने थलो बनेपछि त्यसलाई नियन्त्रण गर्न सरकारले अध्यादेश ल्याउने तयारी गरेको छ। संसद नचलेकोले सरकारले अध्यादेश ल्याउने बाटो रोजेको छ। संसदबाट कानुन निर्माणको प्रक्रिया पूरा गर्दा ढिलाइ हुनेभएपछि अध्यादेशमार्फत कानुन ल्याउनु स्वाभाविक छ।

अहिले मुलुकमा अराजकता बढेको छ। सामाजिक सञ्जालको बढ्दो प्रयोगले आमसञ्चारमाध्यमप्रति आम मानिसको रुचीमा कमि आएको छ। आमसञ्चारमाध्यम नियमन गर्ने सरकारी निकाय भएका र आमसञ्चारमाध्यममा प्रकाशन र प्रसारण हुने सामग्री सम्पादन हुने भएकाले विश्वसनीयता छ। उनीहरुले कमजोरी गरे कानुनी दायरामा पर्ने र सार्वजनिक परिक्षण हुने भएकाले तथ्य र सत्यलाई जोड दिइन्छ। तर सामाजिक सञ्जाल व्यक्ति व्यक्तिबिचको अन्तर्क्रिया गर्ने थलो हो। सामाजिक सञ्जालमा व्यक्तिले मन लागेको विषयमा पोष्ट गर्ने र प्रतिक्रिया जनाउने गर्छन्। व्यक्तिले पोष्ट र प्रतिक्रिया जनाएको विषयको सत्य र तथ्यको परीक्षण हुँदैनू, जसले कसैको चरित्रहत्य गर्ने र कसैप्रति दुष्प्रचार गर्ने साधन बन्दै गएपछि सरकारले सामाजिक सञ्जाल नियमनलाई विलम्ब गर्ने बाटो रोजेन्। प्रस्तावित अध्यादेशमा दण्ड र जरिवानाको व्यवस्था गरिएकाले भ्रमपूर्ण प्रतिक्रिया जनाएर समाजमा अराजकता बढाउने व्यक्ति कानुनी दायरामा आउने छन्। कुनै पनि प्रयोगकर्ताले व्यक्ति, समुदाय, संस्था, राष्ट्र वा राज्यविरुद्ध संविधान, ऐन, कानुनविपरीतको काम गरेको पाइए वा बर्जित काम सामाजिक सञ्जालमा गरेको पाइएमा त्यस्ता प्रयोगकर्ता दण्डसजायको भागीदार हुनुपर्नेछ।

प्रस्तावित अध्यादेशमा जुनसुकै सामाजिक सञ्जाल भए पनि नेपालमा दर्ता हुनैपर्ने प्रस्ताव गरिएको छ। अहिले धेरैजसो सामाजिक सञ्जाल नेपालमा दर्ता नभई सञ्चालनमा छन्। त्यसबाहेक नेपालमा दर्ता भएका सामाजिक सञ्जालको सम्पर्कविन्दु व्यक्ति नभएर संस्था वा कार्यालय नै हुनुपर्ने प्रस्ताव गरिएको छ। केही सामाजिक सञ्जालले आफ्ना सम्पर्कविन्दु व्यक्तिलाई तोकेकोले अब सरकारले मान्यता नदिने तयारी गरेको छ। सामाजिक सञ्जाल प्लेटफर्मको सम्पर्कविन्दु संस्था नै हुनुपर्ने प्रस्ताव नियमनलाई व्यवस्थित गराउनका लागि हो।

सामाजिक सञ्जाल नियमन गर्न २०७५ सालमै सरकारले विधेयक संसदमा पठाएको थियो। त्यसबेला सरकारले संसदमा पठाएको विधेयक पारित भएको भए अहिले सञ्जालमा भइरहेको अराजक गतिविधि धेरै हदसम्म रोकिन्थ्यो। राजनैतिक हानथापले विधेयकलाई अघि बढ्नै नदिनु गलत थियो। सामाजिक सञ्जाल नियमन गर्ने विषयले लोकतन्त्रको चीरहरण गर्दैन्। विचार तथा अभिव्यक्ति स्वतन्त्रता पनि गुम्दैन। स्वतन्त्रता भनेको मनपरीतन्त्र होइनू, विधि र प्रणालीलाई स्थापित गर्ने र व्यक्तिलाई अनुशासित बनाउने काम प्रधान हो।

# नेप्से परिसूचकमा दोहोरो अंकको गिरावट



काठमाडौं। यो साता कारोबारको पहिलो दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिएको छ। नेप्से परिसूचक १३ दशमलव शून्य तीन अङ्कले घटेर दुई हजार छ सय ६७ दशमलव ४० को बिन्दुमा कायम भएको हो।

तीन सय २२ कम्पनीको एक करोड ५२ लाख ७० हजार एक सय ९७ कित्ता शेयर ७६ हजार चार सय १८ पटक खरिदबिक्री हुँदा रु सात अर्ब ७२ करोड ८८ लाख ६१ हजार दुई सय ५० को कारोबार भएको छ।

लगानी समूह शून्य दशमलव शून्य आठ र उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ६८ प्रतिशतले बढेका छन् भने अरु सबै समूहको उपसूचक घटेको छ। सबैभन्दा बढी विकास बैंक समूह एक दशमलव ६३ प्रतिशतले घटेको छ।

बैंकिङ शून्य दशमलव ५४, वित्त शून्य दशमलव ३७, होटल तथा पर्यटन शून्य दशमलव ४९ र जलविद्युत् समूह शून्य दशमलव ४१ प्रतिशतले घटेको छ। त्यसैगरी जीवन बिमा शून्य दशमलव ५५, लघुवित्त शून्य दशमलव ९४, म्युचुअल फण्ड शून्य दशमलव १२, निर्जीवन बिमा शून्य दशमलव १७, व्यापार शून्य दशमलव शून्य सात र अन्य समूह शून्य दशमलव ७१ प्रतिशतले घटेका छन्।

थ्रीस्टार हाइड्रोपावर लिमिटेडको शेयर मूल्य सबैभन्दा बढी नौ दशमलव ९१ प्रतिशतले बढेको छ। सबैभन्दा बढी घट्नेमा भने सेन्चुरी डिभेञ्चर २०८८ सात दशमलव ७५ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा बढी रु ६० करोड ८७ लाख ३६ हजार एक सय ५२ बराबरको शेयर किनबेच भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा ङादी पावर लिमिटेडको सात लाख २० हजार आठ सय १३ कित्ता शेयर किनबेच भएको छ।

# जलवायु परिवर्तन न्यूनीकरणमा मानवीय भूमिका



गंगा पोखरेल

वर्तमान विश्व समुदायले जलवायु संकटको गम्भीर असर भोगिरहेको र त्यसको सामना गरिरहेको अवस्था छ। वैज्ञानिक अध्ययन र अनुसन्धानले पृथ्वीको तापमानमा निरन्तर वृद्धि भइरहेको देखाएको छ। यसको प्रमुख कारण कार्बन डाइअक्साइड, मिथेन, नाइट्रस अक्साइडजस्ता हरितगृह ग्यासहरुको अत्यधिक परिमाणमा उत्सर्जन भई वायुमण्डलमा थुप्रिएर बस्नु र पृथ्वीबाट परावर्तन भएको तापलाई सोसेर राखी पृथ्वीलाई तताउनु हो जुन जलवायु परिवर्तनको प्रमुख कारण मानिएको छ। जलवायु परिवर्तनको असर विश्वव्यापी बन्दै गइरहेको छ। यसको प्रत्यक्ष असरबाट जो कोही पनि अछुतो रहन सकेका छैनन्। मानव समुदायको कुरामात्र नभए यसको असर पृथ्वीका प्राणी, वनस्पति र सम्पूर्ण पारिस्थितिक प्रणालीमा परिरहेको छ। यो हामी सबैले देख्दै, भोग्दै महशुस गर्दै आइरहेको कुरा हो। प्रचण्ड गर्मी, खडेरी, खण्डवृष्टि, अतिवृष्टि र अनावृष्टि, अनपेक्षित समयमा अत्यधिक वर्षात्, हावाहुरी आदि जलवायुजन्य विशेषता र प्रकोपले मानवजगत आजित भै सकेको छ नयाँ नयाँ भाइरस जीवाणुहरुको उत्पत्तिसँगै विभिन्न प्रकारका रोग व्याधिसँग जुधिरहको छ, विश्व मानवजगत्। बढ्दो विषादीको प्रयोगले माटोको उर्वराशक्ति ह्रास हुँदै गइरहेको छ भने विषादीरहित शुद्ध खाद्यान्न पाउन मुस्किल भैसकेको अवस्था छ। यी घटनाहरुले विश्वव्यापी विकराल समस्या बढ्दै गइरहेको र पृथ्वीको आफ्नै स्वास्थ्य बिग्रिरहेको छ, संकेत गर्दछ। पृथ्वी आफैं अस्वस्थ भएपछि हामी कसरी स्वस्थ हुन सक्छौं र ?

वैज्ञानिक तथ्य र भोगिरहेको अनुभवले जलवायु परिवर्तन र त्यसले पृथ्वी र त्यसमा रहेका जैविक एवं विविधताहरुमा पारेको असरबारे अब कुनै द्विधा रहेन, यो कटु सत्य नै प्रमाणित भैसक्यो। यसको कारण मानव समुदायले गरेका विकास र विनाशसम्बन्धी क्रियाकलापहरु नै हुन्। यो पृथ्वी सबै प्राणी र वनस्पति जगत्को साझा हो, तर मानिसले आफ्नो स्वार्थको लागि प्राकृतिक सन्तुलन खल्बल्याउन गरेका अविवेकी क्रियाकलापहरु नै जलवायु परिवर्तनको लागि पूर्णरुपमा जिम्मेवार छन्। अझैं आफूलाई विकसित भन्न रुचाउने केही हेपाहा र मिचाहा प्रवृत्तिका देशहरुको गैरमानवीय क्रियाकलापहरुका कारणले अवस्था बिग्रँदै गएर चुनौतीपूर्ण बन्दै गइरहेको छ।

समस्या र चुनौतीहरु त आइनै सके, समस्याका कुराहरू धेरै भए पनि। विश्व समुदायले यसको नकरात्मक असर खेपिरहेको विषय पनि अब छर्लङ्गै बाहिर आइसकेको छ। नेपालजस्ता अल्पविकसित र साना मुलुकहरू जलवायु परिवर्तनको नकरात्मक असरको प्रत्यक्ष मारमा बढी परेका छन्। गरिब देशका विकास निर्माणका कामहरू पनि वातावरणमैत्री र वैज्ञानिक हुन सकेका छैनन्। जसको कारण यी देशका बासिन्दाहरूले विकासको आशमा राज्यसंयन्त्रका जबरजस्ती क्रियाकलापहरु र आफ्नै अविवेकी र अदूरदर्शी हर्कतहरुका कारण वर्षेनी ठूलो वातावरणीय विनाश र जनधनको क्षति बेहोर्नु परिरहेको छ। अब जलवायु परिवर्तनको व्यवस्थापन कसरी गर्ने भन्नेबारे स्थानीयदेखि विश्व समुदायसम्मको ध्यान केन्द्रित गर्न ढिला गर्नु हुँदैन।

जलवायु परिवर्तनको असरलाई व्यवस्थापन गर्ने मूलतः दुई किसिमका उपायहरु अवलम्बन गर्नु पर्दछ। न्यूनीकरण भनेको हरितगृह ग्यासको उत्सर्जन कम गर्ने र वायुमण्डलमा थुप्रिएको हरितगृह ग्यासहरु घटाउने उपायहरु अवलम्बन गर्ने हो जसमा वृक्षारोपण गर्ने, वन व्यवस्थापन गर्ने, वन डढेलो तथा आगलागी नियन्त्रण गर्ने, वन विनाश र वनको क्षयीकरण रोक्ने, फोहोरमैला व्यवस्थापन गर्ने, पेट्रोलियम पदार्थ र कोइलाको प्रयोग कम गरी स्वच्छ ऊर्जाको प्रयोगलाई बढावा दिने, कलकारखानाहरुमा प्रदूषण नियन्त्रण सम्बन्धी आधुनिक प्रविधिको प्रयोग गर्ने आदि हुन् भने अनुकूलनका उपायहरु भनेको परिवर्तित् जलवायुसँग अनुकुलित हुने; जलधार, जलासय, तालतलैया, नदीखोला, सीमसार आदिकव् संरक्षण गर्ने, जीवनशैलीलाई वातावरणमैत्री बनाउने आदि हुन्। जलवायु परिवर्तनको असरलाई केही हदसम्म भए पनि कम गर्नको लागि आ-आफ्नो ठाउँबाट सचेत हुनु आजको अपरिहार्य आवश्यकता हो। वातावरण संरक्षण गर्नको लागि एउटा व्यक्ति, घर, टोल, समुदाय, गाउँ, शहर हुँदै सिङ्गो देश र विश्वमा व्यापकरूपमा सचेतना फैलाउनु, जीवनशैली रुपान्तरण गर्नु र वातावरणमैत्री कृयाकलापहरु सञ्चालन गर्नु जरुरी छ।

समग्र पृथ्वीको बढ्दो तापमान नियन्त्रण गर्न र घटाउनको लागि पृथ्वीवासी मानवसमुदायको भूमिका महत्वपूर्ण हुन आउँछ किनकि यो असन्तुलनको कारक पनि मानवसमुदाय नै हो। पृथ्वीको सुक्ष्म हिस्साबाट पनि पृथ्वीको लागि केही गर्न सकिन्छ। हामी आफ्नै परिवेशको कुरा गर्नुपर्दा आफूले आफैंलाई वातावरणमैत्री बनाउनुपर्ने हुन्छ। हाम्रो दैनिक क्रियाकलापमा घरबाट नै यो कामको सुरुवात गर्न सकिन्छ। जलवायु परिवर्तनलाई व्यवस्थापन गर्न र पृथ्वीको समग्र पारिस्थितिक प्रणाली सन्तुलित राख्न सबैले आ-आफ्नो ठाउँबाट सक्दो योगदान गरौं। अहिले नगरे कहिले गर्ने ? हामीले नगरे कसले गर्ने ?

# युवा पलायन रोक्न रोजगारी



श्याम श्रेष्ठ



नेपाल अनेकौं प्राकृतिक स्रोत र सम्पदाले सम्पन्न हुनुका साथै उन्नत सामाजिक, सांस्कृतिक, धार्मिक सभ्यता र संस्कारले सुसंस्कृत देश हो। क्षेत्रफलको आधारमा सानो भए तापनि यही सानो क्षेत्रमा पनि प्राकृतिक वरदानको रूपमा अनेकौं विविधता पाउँछौं। यहाँ ढुङ्गा छोए सुन, माटो छोए अन्न, झार छोए सञ्जीवनी जडीबुटी, पानी छोए तेल हुन्छ भन्ने कथन छ। यस्तो स्वर्ग जस्तो सुन्दर देश छोडेर लाखौं नेपाली युवा विदेशको भूमिमा छन्। के यिनीहरू रहरले गएका हुन ? आफूलाई जन्म दिने बुबाआमा, परिवार, साथीहरू र जन्मभूमि छोडेर रहरले होइन आँसु पिएर करले युवा विदेश पलायन हुनुपर्ने बाध्यता छ। हाम्रो देशले २०५०/५१ देखि वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति जारी गरेको हो। यो ३० वर्षको अवधिमा २०८०/८१ को सर्वेक्षण प्रतिवेदनअनुसार २०८० फागुनसम्म वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिने कामदारको संख्या ५९ लाख ६९हजार पुगेको छ।

**युवा विदेसिनुका प्रमुख कारण** :

**रोजगारी** : प्रतिवर्ष बढ्दै गएको बेरोजगारीको तथ्याङ्क अनुसार देशमा बर्सेनि पाँच लाख नयाँ युवा जनशक्ति रोजगारयोग्य शक्तिको रूपमा रूपान्तरण भइरहेको पाउँछौं, तर देशभित्र हरेक वर्ष करिब २० हजार युवाले मात्र रोजगारको अवसर प्राप्त हुने केन्द्रीय तथ्याङ्क विभागले सर्वेक्षण गरेको सरकारी अभिलेख छ। देशमा नयाँ उद्योग कलकारखानाहरू स्थापना हुने वातावरण नभएको, भएका अधिकांश उद्योग कलकारखाना पनि बन्द हुँदै जानुको कारण स्वदेशभित्र युवाले रोजगारको अवसर प्राप्त गर्न सकिरहेका छैनन्। २०८०/८१ मा प्रकाशित एक प्रतिवेदन अनुसार दैनिक विदेश जाने युवाको संख्या दुई हजार एक सय पुगेको छ। वैदेशिक रोजगारका लागि ११० देशसँग द्विपक्षीय सम्झौता भएता पनि व्यक्तिगत श्रम स्वीकृतिमा १७२ देशमा नेपाली गएका अभिलेख छ।

**शिक्षा आर्जन** : आज देशमा एकातिर गुणस्तरीय शिक्षाको कमी छ। शैक्षिक संस्थाहरूमा राजनीतिक खिचातानी र हस्तक्षेपका कारण शैक्षिक संस्थाहरूको शैक्षिक क्रियाकलाप र व्यवस्थापन अस्तव्यस्त रहेको छ। अर्कोतर्फ चाहेको विषयको देशभित्र अध्यापन नहुँदा पनि युवा अध्ययनका लागि बाहिरिरहेका छन्। आर्थिक वर्ष २०७५/७६ देखि आव २०८०/८१ को अन्त्यसम्ममा चार लाख ६४ हजार ७७७ जना विद्यार्थी अध्ययनका लागि विदेसिएका सरकारको तथ्याङ्क छ।

**आकर्षक आय आर्जन नहुनु** : देशभित्र रोजगारीबाट प्राप्त गर्ने आय सामान्य जीवनयापनका लागि पनि धौधौ हुने गरेको छ। जीवनयापनका लागि आम्दानी पर्याप्त नभएकै कारण युवा विदेसिनुपर्ने बाध्यता छ।

**विकसित देश हेर्न लालायित** : देशबाट युवा चाहे अध्ययनका लागि होस्, चाहे रोजगारीको लागि होस् बिदेसिनुको विभिन्न कारणमध्ये एक विदेश हेर्न लालायित हुनु पनि हो।

**सामाजिक संस्कार** : आज जो युवा स्वदेशमा बस्दछ, उसले प्रगति गर्न सक्दैन। प्रगतिको लागि विदेश नै जानु पर्छ भन्ने मान्यता बढेर गएको छ। आज यो मान्यता बिस्तारै एउटा सामाजिक संस्कारको रूपमा विकास भएको पाउँछौ।

**गरिबी र भविष्य सुनिश्चित बनाउन** : नेपाल दक्षिण एसियामा विश्व बैङ्कको पछिल्लो प्रतिवेदन अनुसार तेस्रो गरिब मुलुकमा पर्छ, तर नेपालमा गएको भूकम्प, कोरोनाको कारण देशमा देखिएको अर्थतन्त्रमा आएको मन्दीले गरिबी छ। दयनीय अवस्थाबाट मुक्ति पाउन र भविष्य सुनिश्चितताका लागि युवा विदेसिरहेका छन्।

**वैदेशिक परामर्श संस्थाहरू** : युवा विदेसिनुको विभिन्न कारणमध्ये म्यान पावर कम्पनीहरूले सत्य तथ्यभन्दा पनि आकर्षक ढङ्गले विज्ञापनको प्रभावमा पारेर युवालाई विदेसिन आकर्षित गरेका छन्। नेपालमा करिब सत्र सयको हाराहारीमा रहेको वैदेशिक रोजगारी कम्पनीहरूले वैध तथा अवैध ढङ्गले युवालाई विदेश लिएर जाने गरेका छन्।

**डिभी चिठ्ठा** : अमेरिकाले गरिब देशहरूका लागि सञ्चालन गरेको डिभी योजनाले पनि धेरै युवा देशबाट पलायन भइरहेका छन्। नेपालमा सन् २००० देखि यो कार्यक्रमका लागि आवेदन दिने प्रक्रिया सुरु भएको हो। अमेरिकाको राज्य विभागको प्रतिवेदनअनुसार नेपालबाट डिभीमार्फत् अमेरिका जाने संख्या सामान्यतया वार्षिक २००० देखि ५००० बिचको हुने गरेको छ।

**समस्या** :

**कृषि क्षेत्र प्रभावित** : हाम्रो देश एक कृषिप्रधान देश हो भन्ने भनाइ केवल किंवदन्ती बनेको छ। आव २०७०/७१ मा कुल गार्हस्थ उत्पादन कृषि क्षेत्रको योगदान ३०.३ प्रतिशत रहेकोमा उत्पादन घटेर कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २३.९५ प्रतिशत मात्र उत्पादन गर्न सकेको हाम्रो तथ्याङ्कले देखाउँछ। यसरी कृषि क्षेत्रमा उत्पादनमा ह्रास आउनुको प्रमुख कारण युवा विदेसिनुको कारण हो।

कलेज तथा विश्वविद्यालयहरू बन्द हुने अवस्था : युवा अध्ययन र रोजगारीका लागि बिदेसिएका कारण कलेज र विश्वविद्यालयहरू क्रमशः बन्द हुँदै जाने सम्भावना बढेर गएको छ।

**दक्ष जनशक्ति** : सामान्य लेखपढ गर्न जान्ने युवा मात्र बिदेसिरहेको अवस्था छैन, उच्च शिक्षा हासिल गरेका शैक्षिक जनशक्तिको समेत भिड देख्न सकिन्छ। एसईई गरेका युवा १५ लाखभन्दा माथि, उच्च मावी वा सो सरह उत्तीर्ण भएका चार लाखभन्दा बढी, स्नातक गरेका चार लाखभन्दा बढी र स्नातकोत्तर गरेका ७४ हजारभन्दा बढी हाम्रो शैक्षिक जनशक्ति आज वैदेशिक रोजगारीमा लागेका छन्।

**छिमेकी मुलुकबाट जनशक्ति आपूर्ति** : प्रत्यक्ष रूपमा देशभित्र व्यापार, निर्माण, कृषि आदि पेसा तथा व्यवसायमा रिक्तता भएको स्थानमा छिमेकी मुलुकबाट भित्रिएका जनशक्तिले अवसर प्राप्त गरिरहेको छ। जसका कारण व्यापार व्यवसायमा अस्वस्थ प्रतिस्पर्धा, कम गुणस्तरीय वस्तु, अप्राकृतिक महँगी जस्तो अनेकन समस्या उपभोक्ताले झेल्नु परिरहेको छ।

**स्वदेशी पुँजी बाहिरिने** : छिमेकी मुलुकहरूबाट भित्रिएको जनशक्तिले विभिन्न किसिमको व्यापार, कृषि, निर्माण आदि पेसा तथा व्यवसायमा संलग्न पाउँछौं। तिनीहरूले यसरी व्यवसाय अर्थात् पेसा गरी आय आर्जन गरेको धनसमेत विदेश गइरहेका छन्।

**जनसंख्या वृद्धि दर घट्दो** : विदेश जाने युवा विदेशमा नै स्थायी रूपले बसोबास गर्ने क्रम बढिरहेको छ। युवा लर्को लागेर विदेश गएका कारण साविक रहेको जनसंख्या तथ्याङ्कमा ठुलो ह्रास आएको अवस्था छ।

**समाधानका उपाय**

**कृषि क्षेत्रको सुधार** : देशमा पर्याप्त रोजगारी सिर्जना गर्न सक्ने कृषि क्षेत्र प्रमुख हो। कृषि पेसामा असीमित अवसर र अपार सम्भावना रहेको छ। अतः यस पेसामा आय वृद्धि गर्न कृषि पेसालाई आधुनिकीकरण गर्दै प्रविधिकरण, व्यावसायीकरण र विश्वव्यापीकरण गर्न आवश्यक छ। देशलाई हरित कृषि क्रान्तिको माध्यमबाट देशले गुमाएको कृषिप्रधान देशको पगरीलाई पुनः स्थापित गर्न जरुरी छ।

**रोजगारी वृद्धि** : दिन प्रतिदिन वैदेशिक रोजगारमा कहालीलाग्दो रूपमा वृद्धि भइरहेको अवस्थालाई न्यूनीकरण गर्न लक्षित वर्ग र लक्षित स्थानमा पर्याप्त रूपमा रोजगारको सिर्जना गर्नु पर्छ। कृषि, उद्योग, व्यापार, पर्यटन, जल विद्युत्, जडीबुटी, खानी आदि यस्ता अनेकौं हाम्रा प्रचुर सम्भावनाका क्षेत्र हुन्। यी क्षेत्रहरूको प्रवर्द्धन तथा विस्तार गर्न जरुरी छ।

**शिक्षा क्षेत्रको सुधार** : बाहिरिरहेका विद्यार्थीलाई रोक्न विद्यालयदेखि नै शिक्षालाई जीवनयापनका लागि प्रयोगात्मक अर्थात् व्यावहारिकतावादी बनाउन आवश्यक छ। न्यूनतम कलेजस्तरदेखि विश्वविद्यालयसम्मको शिक्षालाई आयसँग जोड्न आवश्यक छ।

**राजनीतिक ऐक्यबद्धता** : राजनीतिक अस्थिरता र देशमा व्याप्त कुशासन र भ्रष्टाचारको कारण स्वदेशभित्र केही हुन सक्दैन भन्ने चरम निराशालाई आशावादी बनाउन राजनीतिक स्थिरता र सुशासन कायम गर्न राजनीतिक दलहरूले सामूहिक ऐक्यबद्धताका साथ लाग्नु पर्छ।

**नीतिमा पुनर्विचार** : युवा वर्गलाई रोजगारीको नाममा होस् वा अध्ययनको बहानामा होस् युवालाई विदेश पठाउने नीति योजना नै युवा विदेसिनुको प्रमुख कारण हो। अत स्वदेशभित्र नै अध्ययन र रोजगारको पर्याप्त अवसरको सुनिश्चितता गरेर विशेष परिस्थितिबाहेक युवालाई विदेश पठाउने कार्यमा सरकारले कडा नीति अवलम्बन गर्नु पर्छ।

**अस्थायी प्रवेश भिसा** : हाम्रो देश विश्वका विशाल जनसंख्या भएको चीन र भारत दुई देशबिचको एउटा सानो देश हो। यदि नेपालबाट शतप्रतिशत जनता यी दुवै देशमा जाने हो भने दुवै देशको भूमिमा रहेको स-सानो दुलोमा तिनीहरू लोप हुन्छन् तर दुवै देशबाट एक प्रतिशत जनता मात्र नेपालमा भित्रिने हो भने करिब करिब हाम्रो कुल जनसंख्याभन्दा बढी जनता भित्रिने छ। अतः हाम्रो देश नेपालले त्यो अकल्पनीय समस्या समाधानको निमित्त अस्थायी प्रवेश भिसाको व्यवस्था गर्न अत्यावश्यक छ।

हामीले देश विकासका लागि विभिन्न योजना बनायौं तर पनि आशातीत सफलता प्राप्त हुन सकेको छैन। यसो भन्दैमा फेरि हामी निरास भई हाल्नु पर्ने अवस्था छैन। किनभने धेरै लामो समय हाम्रो संस्कार, व्यवहार आचरण, नैतिकता, मानसिकता हाम्रो विकृत राजनीति र विकृत परिवेशद्वारा सुसूचित, निर्देशित, प्रशिक्षित भएको कारण हामीले गर्ने व्यवहारमा परिवर्तन आउन केही समय लाग्छ नै तर आज देशमा लोकतान्त्रिक गणतन्त्र व्यवस्था स्थापना भएको पनि १७ वर्ष भइसकेको छ। तथापि हामी आजसम्म लोकतान्त्रिक व्यवस्थाको मूल्यमान्यता अनुसार रूपान्तरित हुन सकेका छैनौं। अतः हामीले देशलाई एउटा समृद्ध र विकसित देशको रूपमा रूपान्ततरण गर्ने हो, हामी सबैले लोकतान्त्रिक मूल्य मान्यताअनुसार आचरण र व्यवहारमा रूपान्तरण हुन अपरिहार्य छ। गोपबाट

# कारागार र हिरासत कक्ष सुधार गर्नुपर्ने सुझाव



लुम्बिनी । लुम्बिनी प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालयले प्रदेशभित्रका काराकार तथा प्रहरी हिरासत कक्षको अनुगमन सुरु गरेको छ। मुख्य न्यायाधिवक्ता यमलाल खनालको नेतृत्वमा रहेको प्रतिनिधिमण्डलले पहिलो चरणमा दाङ, अर्घाखाँची, गुल्मी र पाल्पामा रहेका जिल्ला कारागार तथा जिल्ला प्रहरी कार्यालयमा रहेको हिरासत कक्षको अनुगमन गरेको हो ।

अनुगमनपछि खनाल नेतृत्वको प्रतिनिधिमण्डलले कारागार प्रशासन, सुरक्षाकर्मी र हिरासत तथा थुनुवासँग छलफल गरी कारागार तथा हिरासत कक्षलाई थप सुधार गर्दै मानव अधिकार संरक्षणमा ध्यान दिन कारागार प्रशासनलाई निर्देशन दिएको छ । साथै अनुशासन तथा सकारात्मक आचारणका लागि कैदीबन्दीलाई मनोसामाजिक परामर्श पनि प्रदान गरिएको छ।

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका सर्तसम्बन्धी ऐन, २०७५ मा प्रदेशभित्रका हिरासत तथा थुनुवा कक्षको अनुगमन र निरीक्षण गरी थुनुवा उपर मानवोचित व्यवहार नभएको भए मानवोचित व्यवहार गर्न सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने प्रावधान रहेको छ । सोही ऐनले तोकेको जिम्मेवारी अनुसार कारागार तथा प्रहरी हिरासत कक्षको अनुगमन गरिएको अनुगमन टोलीका संयोजक मुख्य न्यायाधिवक्ता खनालले बताए।

अनुगमनका क्रममा भौतिक संरचना पुरानो, जीर्ण तथा क्षमताभन्दा बढी कैदीबन्दी बस्नुपर्दा समस्या देखिएको अनुगमन टोलीले जनाएको छ। गुल्मी जिल्लाको कारागार पुरानो भइसकेकाले त्यहाँको संरचना फेर्नुपर्ने सुझाव दिएको खनालले बताए । प्रदेश सरकारले यस अघि विस्तृत अध्ययन प्रतिवेदन (डीपीआर) बनाएको बताउँदै सोही आधारमा बजेट व्यवस्थापन गरी सम्बोधन गर्नुपर्ने उनले उल्लेख गरे।

यस्तै दाङको घोराही र तुलसीपुरमा रहेको कारागारको भौतिक पूर्वाधार राम्रो अवस्थामा रहेको अनुगमन टोलीले जनाएको छ । कारागारमा हस्तकलाका सीप सिकाउँदा सजाय भुक्तान गरिसकेर घर फर्किंदा समाजमा पुनःस्थापना हुन सहज हुने भएकाले उपयोगी सीप हस्तान्तरणका लागि जोड दिइएको मुख्यन्यायाधिवक्ता खनालले जनाए।

घोराही र तुलसीपुर दुईवटा कारागारमा सबैभन्दा बढी नौ सय ९६ कैदीबन्दी रहेका छन् । पाल्पामा दुई सय ६४, गुल्मीमा एक सय छ, अर्घाखाँचीमा ८४ जना कैदीबन्दी छन् । अनुगमन टोलीमा मुख्य न्यायाधिवक्ता खनालसहित उपन्यायाधिवक्ता डा सूर्यप्रसाद पौडेल, लेखा अधिकृत दुर्गाप्रसाद पौडेल, वरिष्ठ प्रशासन सहायक वीरेन्द्रकुमार दास, मधु खनाललगायत सहभागी थिए।

---

**अनाथहरु...**

मंसिर १६ गतेसम्म सञ्चालन हुने महायज्ञमा उपस्थित भएर स्वेच्छाले दान गरी अनाथ बालकको पालनपोषण र शिक्षा दिक्षामा सहयोग गरी पुण्य आर्जन गर्न मैनादेवीले आग्रह गरिन् । महायज्ञमा हुने खर्च कटाएर ३७ लाख हाराहरी आर्थिक संकलन जुटेमा अनाथ आश्रम दीगोरुपमा चलाउने आफ्नो सपना पूरा हुने मैनादेवी बताउँछिन् । हालसम्म आश्रममा ४० जना बसेर पढाइ पूरा गरेका छन् । आश्रममा नेपालका विभिन्न ठाउँबाट आएका बालक छन् ।

महायज्ञमा राधा किशोरी दासी प्रमुख कथावाचक छिन् । उपवाचक सहित करिब एक दर्जन पण्डितहरुले हरेक दिन पालैपालो संगीतमय कथावाचन गर्ने तथा ७ जना कलाकारको टोलीले झाँकी र लिला सहित गीत र नृत्यमार्फत् भक्तजनहरुलाई मनोरञ्जन दिलाइरहेका छन् । महायज्ञमा रात्रिकालिन झाँकी र नृत्य विशेष आकर्षण रहेको छ।

स्थानीय समेत रहेका तिलोत्तमा-६ का वडाध्यक्ष गणेश पाठकले पवित्र उद्देश्य राखेर मैनादेवीले आयोजना गरेको महायज्ञमा उपस्थित भएर सक्दो दान गर्न सबैसँग आग्रह गर्छन् । 'हाम्रो जस्तो पितृसत्तात्मक मुलुकमा एकजना महिलाले युवा उमेरदेखि सुरु गरेर वृद्ध अवस्थामा पुग्दा समेत अनाथ बालबालिकाको पालनपोषण र शिक्षादिक्षाको अगुवाइ गरेर खट्नु ज्यादै अनुकरणीय काम हो, उहाँको अभियानमा सबैले सक्दो सहयोग गर्नुपर्छ,' वडाध्यक्ष पाठकले भने-'मैनादेवीले आश्रमका लागि आफ्नै जग्गा दिनुभयो, घर-घरमा झोला बाँडेर चामल संकलन गरेर यहाँसम्म ल्याउनुभयो, अब अक्षयकोष एक करोड बनाउन सके आश्रम चलाउन कतै हात थापिरहन पर्दैन।'

वडाअध्यक्ष पाठकले आश्रमको भवनमा झ्याल ढोका बनाउन १ लाख ५० हजार बजेट दिएको बताउँदै आगामी दिनमा अक्षयकोषका लागि संस्थासँगै सहकार्य गर्दै अगाडि बढ्ने बताए।

समाजसेवी गोपाल रानाले आश्रमकी अध्यक्ष मैनादेवीको परोपकारी कामबाट प्रभावित भई आश्रममा रहेका विद्यार्थीलाई अध्ययनमा सहयोग गर्दै आएको बताए । उनले आश्रममा बसेर १२ कक्षा उत्तिर्ण विद्यार्थीलाई रोजगारी दिने वचन आफूले दिएको बताए।

आश्रममा बस्नेहरुको नागरिकता बनाउन धेरै सास्ती भोग्नुपरेकोले सरोकारवालाको त्यसतर्फ ध्यान जानुपर्ने राना बताउँछन् । शान्ति नमूना माविका प्रधानाध्यापक कुलप्रसाद लामिछानेका अनुसार आश्रमका विद्यार्थीहरु पढाइमा अब्बल र अनुशासितसँगै अतिरिक्त क्रियाकलापमा पनि उत्कृष्ट क्षमताका भएको बताउँछन् ।

## ऋण चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति २०८१।०८।१० गते**

उपरोक्त सम्वन्धमा, तपसीलमा उल्लिखित ऋणीले यस संस्थावाट उपभोग गर्नु भएको ऋण कर्जाको शर्त बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जना ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई शर्त उल्लंघन गर्नु भएकोले कर्जासंग सम्बन्धीत तपाईहरु सबैलाई कर्जा लगायत सहकारीको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाई तपसीलमा उल्लिखित ऋणी तथा व्यक्तिगत जमानीकर्ताको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५(पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस संस्थामा सम्पर्क राखी कर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जना ब्याज, अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस संस्थासंग भए गरेको सम्झौता तथा लिखत अनुसार कारवाही गरी धितोमा रहेको सुरक्षण लिलाम बिक्री गरी सहकारीको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कालो सूचीमा समावेस गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ। साथै सुरक्षण बापत रहेको धितोबाट समेत सहकारीको सम्पूर्ण लेना रकम असुल उपर नभएमा सहकारी ऐन, २०७४, सहकारी नियमावली २०७५ तथा अन्य प्रचलित नियम कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्धारा सूचित गरिन्छ।

**तपसिल**

| ऋणीको विवरण | ब्यक्तिगत जमानी दिनुहुने |
|---|---|
|  श्री भोलानाथ यादव<br>बाबु : पटरु अहिर<br>बाजे : उदित अहिर<br>ठेगाना : बुटवल १९, रुपन्देही<br>ना.प्र.नं. : ११८१३<br>जारी जिल्ला : रुपन्देही |  श्री भोहिली अहिर यादव<br>पति : भोलानाथ यादव<br>ससुरा : पटरु अहिर<br>ठेगाना : बुटवल १९, रुपन्देही<br>ना.प्र.नं. :३७२०२६।६५३६७<br>जारी जिल्ला: रुपन्देही |

**सिद्धार्थ बहुउद्देश्यीय सहकारी संस्था लि.**
**SIDDHARTHA MULTI PURPOSE CO-OPERATIVE LTD.**

बुटवल-९, रुपन्देही, फोन नं. ०७१-५३६२६५

---

गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकासल तथा यातायात ब्यवस्था मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
**पुर्वाधार विकास कार्यालय**
नवलपरासी (वर्दघाट सुस्तापुर्व)
गण्डकी प्रदेश,

## बोलपत्र स्वीकृत गर्ने आशयको सुचना

(सूचना प्रकाशित मिति २०८१ /०८ /१०)

यस कार्यालयबाट मिति २०८१।०६।२२ मा राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हानको सुचना वमोजिमबिभिन्न देहाय बमोजिमका ठेक्काहरुमा E–GP system (www.bolpatra.gov.np/egp) मार्फत पेश हुन आएका बोलपत्रहरू मध्ये तपसिलमा उल्लेखित बोलपत्रहरु न्यूनतम मुल्याङ्कित सारभुत रूपमा प्रभावग्राही भई स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदातालाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.स. | कार्यको विवरण | छनोट भएका बोलपत्रदाता | कबोल रकम (मु.अ.क. र पि.एस. समेत) NRs |
|---|---|---|---|
| 1 | Contract ID: IDO-NAW(BSE)-W-NCB-10-2081/82, Upgrading of different road in Kawasoti 11 and 12 | Anisha Construction, BardaghatNawalparasi East Nepal | 73,78,958.18 |
| 2 | Contract ID: IDO-NAW(BSE)-W-NCB-11-2081/82, Upgrading of different road in Madhyabindu Municipality and Binayi Triveni Rural municipality | Omkar builders, gokarneshwor-12, kathmandu | 59,56,439.87 |
| 3 | Contract ID :IDO-NAW(BSE)-W-NCB-12-2081/82, Upgrading of different road of Kawasoti Municipality 3 and Hupsekot | Popular construction, sandhikharka-1 | 73,22,544.29 |
| 4 | Contract ID:IDO-NAW(BSE)-W-NCB-13-2081/82, Upgrading of different road of Kawasoti Municipality 15, 16 ,17 | Popular construction, sandhikharka-1 | 76,82,262.09 |
| 5 | Contract ID: IDO-NAW(BSE)-W-NCB-15-2081/82, Upgrading of different road in Madhyabindu 6,7,13,9 | Sukarma construction and suppliers, kathmandu | 75,41,007.92 |
| 6 | Contract ID: IDO-NAW(BSE)-W-NCB-18-2081/82, Upgrading of different road in Devchuli Municipality-17 (prakritik and yamlalmarga) | B.R.N Construction and Suppliers, Bharatpur-10 | 56,10,039.87 |
| 7 | Contract ID: IDO-NAW(BSE)-W-NCB-20-2081/82, Upgrading of different road in Devchuli-17(bartandi and bagaichaguthisadak) | G.D.G Construction Pvt. Ltd., Devchuli | 28,21,710.23 |

**कार्यालय प्रमुख**

---

**Lumbini Province Government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
**Road Infrastructure Development Office, Arghakhanchi**

## Re-Invitation for Online Sealed Quotation

Date of Publication: 25th November, 2024(2081/08/10)

Road Infrastructure Development Office (RIDO), Arghakhanchi re-invites electronic sealed quotations from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following work. All other information and Bid Document for Sealed Quotations can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp.

***Information to deposit the cost of bidding document (NRs: 1000) in Bank:***

Name of the Bank: Rastriya Banijya Bank Ltd., Sandhikharka, Arghakhanchi
Name of the Office: Road Infrastructure Development Office, Arghakhanchi
Office Code No: 3370151015 (Dharauti and Rajaswa)
Rajaswa Shrishak No: - 14229; Rajaswa Account No.: 1000200010000
Last Date of Bid Purchase and Submission: 10th December, 2024 (2081-08-25)12:00 Hrs.

| SN | Name of Project/Contract No. | Estimated Amount Excluding VAT | Bid Security Amount with Validity up to 23th Feb, 2025(NRs.) |
|---|---|---|---|
| 1 | Chautara Kudar bato nirman Sandhikharka 11 /RIDO-ARG-W-SQ-52-2081/082 | 8,62,064.68 | 25,000 |
| 2 | Kharjayg Gulmi Thulakhark Bajhpatta Mahpokhari Chouwa Milmile Chidipani /RIDO-ARG-W-SQ-83-2081/082 | 17,24,062.99 | 45,000 |
| 3 | Damar Talla Rajme Aamdada Okhate Siureni Gokhunga Sadak (Bhumikasthan, Malarani)/ RIDO-ARG-W-SQ-84-2081/082 | 17,24,135.68 | 45,000 |
| 4 | Dhad Marengkhola Thulagaira Motorbato Malarani-02 /RIDO-ARG-W-SQ-91-2081/082 | 6,89,606.88 | 20,000 |
| 5 | Palla Padhera Gathikateri Rockgarden Dharapani Motorbato Sandhikharka-11 /RIDO-ARG-W-SQ-92-2081/082 | 4,31,025.55 | 12,000 |
| 6 | Narpani Satineta Shreekishna Gaushala Kalapatal Padhera Chheda Neta Bajharukh Triveni Durwaseswor/RIDO-ARG-W-SQ-93-2081/082 | 15,51,718.19 | 40,000 |


**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्को बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# बुटवलको व्यापार मेला व्यवस्थित बनाउन सुझाव

ITFB-2024

**लुम्बिनी संवाददाता**

*बुटवल*

आगामी पुसको ३ गतेदेखि बुटवलमा हुन गइरहेको औद्योगिक व्यापार मेलालाई सफल बनाउन चुस्त दुरुस्त व्यवस्थापन मिलाउन बस्तुगत समितिका सभापतिहरुले सुझाव दिएका छन्। बुटवल उद्योग वाणिज्य संघको आयोजनामा 'लगानी लुम्बिनीमा : समृद्धि देशमा' भन्ने मूल नारासहित बुटवलमा मण्डपमा सञ्चालन गर्न लागिएको मेलालाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने विषयमा आइतबार सचिवालयमा संघका बस्तुगत समितिका सभापतिहरुसंग रायसुझाव लिइएको थियो।

कार्यक्रममा बोल्दै बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष तथा मेला कार्यसम्पादन समितिका संयोजक हरिप्रसाद अर्यालले मेला केवल मेला मात्रै नभएर बुटवलकै महायज्ञ भएकाले मेला बुटवलको प्रतिष्ठासंग जोडिएको बताए। मेला सफल हुँदा बुटवलको प्रतिष्ठा बढ्ने र असफल हुँदा संघको मात्रै नभएर बुटवलकै प्रतिष्ठामा प्रश्न उठ्ने भएकाले मेलालाई सफल बनाउने दायित्व सबैको भएको बताए।

उनले अहिलेको मेलालाई विगतका मेलाभन्दा धेरै फरक बनाउने गरी तयारी भईरहेको बताउँदै त्यसमा साथ र सहयोगको लागि बस्तुगत समितिका सभापतिहरुसँग आग्रह गरे।

मेलामा सहभागी हुने विषयगत बस्तु अनुसारका पेभिलियन निर्माण गरिने बताउँदै संघका उद्योग उपाध्यक्ष सुरज भट्टराईले सबै स्टलमा अवलोकन गर्न सहज हुनेगरी स्टलका पेभिलियन निर्माण गरिने जानकारी गराए।

त्यस अवसरमा बस्तुगत समितिका सभापतिहरु मेलामा गुणस्तरका बस्तुहरुलाई प्राथमिकता दिन र समग्र मेलाको व्यवस्थापन चुस्त बनाउन सुझाव दिएका थिए। त्यसैगरी उनीहरुले मेलामा आफूहरुको जिम्मेवारी अनुसारका काम प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरे। बस्तुगत समितिका सभापतिहरुले स्टल, मेलामा हुने विभिन्न प्रतियोगिताहरु र सांस्कृतिक कार्यक्रम र बालउद्यानको समेत चुस्त व्यवस्थापनमा जोड दिएको संघका महासचिव तथा मेलाका प्रवक्ता मुक्तिप्रसाद अधिकारीले जानकारी गराएका थिए।

# आत्महत्या गर्नेमा युवा उमेरका बढी किन ?

**राधिका भुसाल**

*प्यूठान*



प्यूठानमा आत्महत्या गर्नेको संख्या बढ्दै गएको छ। पछिल्ला दुई आर्थिक वर्षयता एक सय ५३ जना आत्महत्या गरेका छन्। चालु आर्थिक वर्षको कार्तिक मसान्तसम्म २२ जनाले आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालय प्यूठानले जनाएको छ।

आर्थिक वर्ष २०७९/८० मा ७४ जना, ०८०/८१ मा ७९ जना र चालु आर्थिक वर्षको कात्तिक मसान्तसम्म २२ जना गरी आत्महत्या गर्नेको संख्या एक सय ७५ जना पुगेको हो। प्रहरी कार्यालयको तथ्यांकअनुसार १८ वर्ष देखि मुनिका ४२ जनाले आत्महत्या गरेका छन्।

१८ देखि ४० वर्ष मुनिका ६६ जना, ४० देखि ६० वर्ष उमेर समूहका ५२ जना र ६० वर्ष माथिका १५ जनाले आत्महत्या गरेका हुन्। आत्महत्या गर्नेको उमेर समूह हेर्दा १८ देखि ४० वर्षभित्रका बढी देखिएको छ।

शुक्रबार जिल्ला प्रशासन कार्यालय प्यूठानको आयोजना र जिल्ला प्रहरी कार्यालय प्यूठानको सहकार्यमा गरिएको सर्वपक्षिय बैठकमा सरोकारवाला निकायले जिल्लामा बढ्दो आत्महत्या न्यूनीकरण गर्न सामूहिक प्रतिबद्धता जनाएको प्रमुख जिल्ला अधिकारी रमा आचार्य सुवेदीले जानकारी गराइन।

आगामी दिनहरुमा आत्महत्या न्यूनीकरण गर्नका लागि प्रत्येक पालिकामा मनोपरामर्शकर्ता राखी समुदाय स्तरमा पुग्ने अध्ययन गर्ने भएका छन्। त्यस्तै समाधानका उपायको खोजी पहिल्याउने, पालिका तथा वडास्तरमा गठित आत्महत्या न्यूनीकरण तथा व्यवस्थापन समितिका पदाधिकारीले तालुक निकायसँग समन्वय गरी आफ्नो पालिका तथा वडाभित्र एक एक महिनाको अन्तरमा नियमित कार्यक्रम सञ्चालन गर्ने निर्णय समेत गरिएको छ।

पालिकाहरुले प्रत्येक वर्ष बजेट व्यवस्थापन गर्ने, विद्यालय कलेजमा जनचेतना अभिवृद्धि गर्न पालिका शिक्षा शाखा, शिक्षा विकास तथा समन्वय इकाई, र सामाजिक विकास डिभिजन कार्यालयबिच समन्वय गर्ने विषयमा ध्यान केन्द्रित भएको थियो।

# रामग्राम १५ मा वडा कार्यालय बन्ने

परासी। पश्चिम नवलपरासीको रामग्राम नगरपालिका वडा नं.१५ मा सुविधा सपन्न वडा कार्यालय भवन निर्माण हुने भएको छ। वडा कार्याल भवनको शिलान्यास राममग्राम नगरपालिकाको नगरप्रमुख धनपत यादवले एक कार्यक्रमको बिच शिलान्यास गरेका छन्।

नगरप्रमुख यादवले नागरिकलाई सुविधा सम्पन्न भवनबाट सेवा प्रवाह गर्ने उद्देश्यका साथ नगरपालिका अघि बढेको बताए। सबै वडाका कार्यालयका सुविधा सम्पन्न भवन निर्माण गरी नागरिकलाई सर्वसुलभ एवं छिटोछरितो सेवा प्रदान गरिने यादवको भनाइ थियो।

नगरको समग्र विकासमा सबैको साथ र सहयोग आवश्यक रहेको यादवले बताए।

साविक शुक्रौली गाविसको नाममा रहेको सात कठ्ठा १२ धुर क्षेत्रफलको जग्गामा निर्माण हुने दुई तले भवनको कूल लागत झण्डै डेढ करोड रुपैयाँको छ।

हाललाई भूमिगत तलामा पार्किङ्ग सुविधासहितको भवनका लागि पवन कन्स्ट्रक्सन परासीसँग करिब रु २५ लाखमा निर्माण हुने गरि सम्झौता भएको वडा नं. १५का वडाअध्यक्ष धनपत यादवले जानकारी दिए।

उनले वडावासीलाई सहज रुपमा सेवा प्रवाह गर्न नयाँ कार्यालय भवन निर्माण गर्न लागिएको बताए। डीपीआरअनुसार नयाँ बन्ने वडा कार्यालय भवन दुई तले र भूमिगत तलामा पार्किङ्गसहितको हुनेछ भने चारैतिर पर्खाल र नालासहित मूलगेटसँगै १२ वटा व्वसायिक सटर पनि निर्माण गरिने तर यो चालु आर्थिक वर्षमा पहिलो तला निर्माण गर्ने लक्ष्य रहेको वडा अध्यक्ष यादवले जानकारी दिए।

नगरपालिकाका इञ्जिनियर महेश्वर ठाकुरका अनुसार वडा कार्यालय भवनका लागि गत आर्थिक वर्षमा छुट्याईएको रु ३७ लाखमध्ये हाल पुस मसान्त भित्र फाउण्डेसनको काम सम्पन्न गर्ने गरि रु २४ लाख ८३ हजारमा सम्झौता गरिएको छ।

यस आर्थिक वर्षमा विनियोजन गरिएको रु ३० लाखबाट चार वटा कोठा, शौचालयलगायत भवनको पहिलो तला निर्माण सम्पन्न गर्न पुनः ठेक्का गरी निर्माण अघि बढाइनेछ।

शिलान्यास समारोहमा नगर उप-प्रमुख सम्झना चौधरी, प्रमुख प्रशासकीय अधिकृत यमबहादुर कुँवरलगायतले नगरका गतिविधिको विषयमा प्रकाश पारेका थिए।

# निःशुल्क पशु स्वास्थ्य शिविर

देवदह। रुपन्देहीको देवदह नगरपालिका-१०, चरेङ्गमा निःशुल्क एक दिने पशुस्वास्थ्य शिविर सम्पन्न भएको छ। नेपाल पारा भेटेरिनरी एण्ड लाईभस्टक एशोसियसनको ३५औं स्थापना दिवसको अवसरमा उक्त शिविर सम्पन्न भएको हो।

नेपाल पारा भेटेरिनरी एण्ड लाईभस्टक एशोसियसन रुपन्देहीको आयोजना, देवदह नगरपालिका-१०, वडा कार्यालय, पशुसेवा शाखा, एशियन फर्मासिटिकल्स र खनाल भेट सेन्टरको सहयोगमाा उक्त शिविर सम्पन्न भएको हो।पाल पारा भेटेरिनरी एण्ड लाईभस्टक एशोसियसन रुपन्देहीका अध्यक्ष पिताम्वर खरेलको अध्यक्षता र देवदह नगरपालिका-१०, का वडाध्यक्ष यकबहादुर सुनारको प्रमुख आतिथ्यतामा उक्त कार्यक्रम सम्पन्न भएको हो।

देवदह-१०, पाल्पाली टोल र शान्ति टोल भएको पशुस्वास्थ्य शिविरमा ५ सय ६५ बाख्राको उपचार गरिएको एशोसियसनले जनाएको छ। शिविरमा ५ सय बाख्रालाई पीपीआर भ्याक्सीन दिने लक्ष्य राखे पनि २ सय बाख्रालाई मात्र भ्याक्सीन दिन सफल भएको एशोसियसनका जिल्ला अध्यक्ष खरेलले बताए। शिविरमा बाख्राको आन्तरिक परजिवी औषधी, बाह्य परजीवि औषधि उपचार गर्नुका साथै बाख्रालाई आवश्यक पर्ने भिटामिन लिभर टोनिक औषधि वितरणसँगै बाख्रामा लाग्ने विभिन्न रोगहरुको उपचार गरिएको अध्यक्ष खरेलले जानकारी दिए। शिविरको उद्घाटन गर्दै वडाअध्यक्ष सुनारले पशुपालन क्षेत्रलाई प्रोत्साहन गर्न आवश्यक रहेको बताए।

उनले कृषकहरुको विकास भएमात्र समग्र क्षेत्रको विकास हुनेमा जोड दिए। कार्यक्रममा नेपाल पारा भेटेरिनरी एण्ड लाईभस्टक एशोसियसनका संस्थापक अध्यक्ष एवं पशु प्राविधिक लोकराज भूषालगायतले आ-आफना भनाइ राखेका थिए।

# महानगरको जरिवाना पत्र बुझ्न एमालेद्वारा अस्वीकार

काठमाडौं। काठमाडौं महानगरपालिकाले तोकेको एक लाख जरिवानाको पत्र बुझ्न सत्तारुढ दल नेकपा एमालेले अस्वीकार गरेको छ। आइतबार जरिवानापत्र बुझाउन पार्टी कार्यालय पुगेको महानगरको टोलीलाई आफूहरू आयोजक नभएको भन्दै एमालेले पत्र बुझ्न अस्वीकार गरेको हो।

गत शुक्रबार दरबारमार्गमा जागरण सभामा सडक तथा पेटीमा जथाभावी फोहोर गरेको भन्दै जरिवानाको पत्र लेखेको थियो। उक्त पत्र लिएर पुगेको टोलीलाई एमालेले पत्र नबुझी फिर्ता गरेको हो।

गत शुक्रबार एमालेका काठमाडौं, भक्तपुर र ललितपुर जिल्ला कमिटीको आयोजनामा दरबारमार्गमा जागरण सभा आयोजना गरिएको थियो।

महानगरपालिकाले फोहोरमैला व्यवस्थापन ऐन, २०६८ र काठमाडौं महानगरपालिकाको आर्थिक ऐन, २०८१ बमोजिम जरिवाना तोकिएको बताएको छ। एमालेले पत्र बुझ्न नमानेपछि महानगरको टोली केहीबेर कार्यालय परिसरमा रोकिएर फर्किएको छ।


**जाडो मौसममा चिसोबाट बचौं :**

-बालविवाह सामाजिक र कानूनी अपराध हो।
-बालविवाह गर्ने, गराउने कार्य कानून बमोजिम दण्डनीय हो।
-तोकेको उमेर नपुगी भएको विवाह स्वतः बदर हुने कानूनी व्यवस्था छ,
त्यसैले,
-बीस वर्ष नपुगी विवाह नगरौं, नगराऔं।
-बालविवाहको विरुद्धमा सबै जुटौं,
-दोषीलाई कानूनको दायरामा ल्याऔं।
-बालविवाह मुक्त समाजको निर्माण गरौं।

नेपाल सरकार विज्ञापन बोर्ड


## KAWASOTI MUNICIPALITY
### OFFICE OF THE MUNICIPAL EXECUTIVE
### GANDAKI PROVINCE, NEPAL

## Invitation for Bids

**Date of Publication: 2081/08/10**

Kawasoti Municipality, Nawalparasi (East) invites electronic bids for the following construction works under National Competitive Bidding (NCB).

| S.N. | Contract Nos. and Title. | Brief Description of Works | Engineers' Estimate (excluding VAT and contingency) in (NRS) | Last Date & Time of Bid Submission | Bid Validity with Bid Security Period (Day) | Bid Security Amount in (NRS) | Cost of Bidding Document (NRS) |
|---|---|---|---|---|---|---|---|
| 1. | 16/KM/NCB/2081/82 | Road Upgrading work at three location at kawasoti 17 | 49,87,347.38 | 2081/09/11, BS) Upto 12Hr | 120 days | 1,50,000 | 3000.00 |

Eligible bidder may obtain further information from Kawasoti Municipality, Office of the Municipal Executive, Kawasoti, Nawalparasi(E) (Mobile: 9843500711, website: www.kawasotimun.gov.np) during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

**Chief Executive Officer**


**आकर्षक डिजाइन तथा छपाई**

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस्!

**आइडिया डिजाइनर्स/अफसेट प्रेस**

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com



**हार्दिक बधाई तथा शुभकामना**


प्रा. डा. शुसिला पटेल


प्रा. डा. कविन्द्र बज्राचार्य

चिकित्सा बिज्ञान राष्ट्रिय प्रतिष्ठान National Academy of Medical Sciences (NAMS) को मिति २०८१/०८/०२ गतेको निर्णयबाट यस लुम्बिनी नेत्रविज्ञान अध्ययन संस्थानतथा रिर्सच सेन्टर श्री रण अम्बिका शाह आँखा अस्पतालमा कार्यरत नेत्र बिशेषज्ञहरु डा.शुसिला पटेल ज्यू र डा.कबिन्द्र बज्राचार्य ज्यू Professor of Ophthalmology को जिम्मेबारी प्राप्त गर्नु भएकोमा उहाँहरुको उज्वल भविष्यको कामना गर्दै हार्दिक बधाई ज्ञापन गर्दछौं।

नेपाल नेत्र ज्योति संघ
लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान तथा रिसर्च सेन्टर
श्री रण अम्बिका शाह आँखा अस्पताल
सिद्धार्थनगर-३,भैरहवा



**ट्वाइलेट सफा गराउनुहोस्**

**बुटवल सेनेटरी प्रा.लि.**
९७४५४०५९७३, ९८०७४०९८५२

सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।

मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१९५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com